आज मिति २०७६/१०/१४ गते मंगलवारका दिन शिवालय गाउँपालिका, सिमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान वहादुर पुन | वडाध्यक्ष वडा नं. १ |
| श्री प्रेम बहादुर बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडाध्यक्ष वडा नं. ३ |
| श्री तेज वहादुर वुढा | वडाध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडाध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडाध्यक्ष वडा नं. ६ |
| श्री विरवल खत्री | वडाध्यक्ष वडा नं. ७ |
| श्री जसविर वली | वडाध्यक्ष वडा नं. ८ |
| श्री दिपक वहादुर खड्का | वडाध्यक्ष वडा नं. ९ |
| श्री शेर वहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो बादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री वालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना वुढा | कार्यपालिका सदस्य |
| श्री धनीराम शर्मा | सचिव |

प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावहरु**

१. पन्ध्र शैय्याको अस्पताल निर्माणका लागि प्रस्ताव पेश गर्ने सम्वन्धमा ।

२. पूर्वाधार विकास कार्यक्रममा प्रस्ताव पेश गर्ने सम्वन्धमा

३. वडा कार्यालय भवन निर्माण सम्वन्धमा ।

४. उद्यमशिलता साझेदारी परियोजना कार्यक्रम सम्वन्धमा ।

५. अनुगमन समिति पुनर्गठन सम्वन्धमा ।

६. जनता आवास कार्यक्रमका लागि घरधुरी छनौट सम्वन्धमा ।

७. स्वंयसेविका पद सिर्जना सम्वन्धमा ।

८. मर्मत सम्भार समुहको भुक्तानी सम्वन्धमा ।

९. झोलुङ्गे पुल सम्वन्धमा ।

१०. समपुरक रकम भुक्तानी सम्वन्धमा ।

११. विविध तथा अन्य प्रासंगिक विषय ।

## निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल गर्दा शिवालय गाउँपालिका वडा नं. ३ स्थित स्वास्थ्य चौकी सिमालाई स्तरोन्नती गरि शिवालय गाउँपालिकाको केन्द्रमा १५ शैय्याको अस्पताल निर्माणका लागि आवश्यक बजेट व्यवस्था गरिदिनुहुन संघीय सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाका कार्यालयको भवन निर्माणका लागि स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम, कार्यक्रम समन्वय इकाई, ललितपुरमा यस गाउँपालिकाको भवन निर्माणका लागि आयोजनाको ड्इङ, डिजायन इष्टिमेट सहित प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाका विभिन्न वडाहरुमा वडा कार्यालय भवन निर्माणका लागि ७ दिनभित्र उपभोक्ता समिति गठन गर्ने र सम्झौता गरिसक्नुपर्ने अन्यथा बजेट फ्रिज हुने निर्णय गरियो ।

## निर्णय नं. ४

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस शिवालय गाउँपालिका उद्यमशिलता साझेदारी परियोजना कार्यक्रम सञ्चालनका लागि नमुना समाज सुर्खेतसँग सम्झौता गरी रु. १५ लाख रुपैया म्याचिङ्ग गरी शिवालय गाउँपालिकाका वडा नं. १, ५, ९ मा सञ्चालन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा यस शिवालय गाउँपालिकामा पूर्वाधार विकास कार्यालय जाजरकोटद्धारा सञ्चालन गरिने जनता आवास कार्यक्रमको लागि तपसिलका घरपरिवार छनौट गर्ने निर्णय गरियो ।

### तपसिल

१. निम बहादुर वादी, शिवालय ३
२. रमेश वादी, शिवालय ३
३. मङ्गले वादी, शिवालय ३
४. पैथोके वादी, शिवालय ८
५. डिल बहादुर वादी, शिवालय ८
६. कस्तुरी वादी, शिवालय ९
७. वीरेन्द्र बहादुर वादी, शिवालय ३
८. शान्ता वादी, शिवालय ९
९. सुगलाल वादी, शिवालय ९
१०. पूर्ण वादी, शिवालय १
११. मैमि दमाई, शिवालय १
१२. देव बहादुर दमाई, शिवालय २
१३. बुदी नेपाली, शिवालय ३
१४. हस्ती देवी सुनार, शिवालय ३
१५. प्रेम बहादुर दमाई, शिवालय ५
१६. कला वाँठो, शिवालय ६
१७. रति दमाई, शिवालय ७
१८. राम बहादुर नेपाली, शिवालय ८
१९. देवी कामी, शिवालय ९
२०. श्याम कलि दमाई, शिवालय ५
२१. प्रेम वादी, शिवालय ४
२२. लाले दमाई, शिवालय ५
२३. सुके सुनार शिवालय ४
२४. तुलसिंह कामी, शिवालय ८
२५. दिपक परियार, शिवालय ५

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ६

प्रस्ताव नं. ६ मा छलफल गर्दा यस शिवालय गाउँपालिका वडा नं. २ लयाकाडा र वडा नं. ९ को वडाकाडा बस्तिमा महिला स्वास्थ्य स्वयंसेविकाको आवश्यक रहेकोले सो स्थानहरुका सेवा प्रदान गर्नका लागि दुइवटा महिला स्वास्थ्य स्वयंसेविका पद सिर्जना गर्ने निर्णय गरियो ।

## निर्णय नं. ७

प्रस्ताव नं. ७ मा छलफल गर्दा ग्रामिण पहुँच कार्यक्रमअन्तर्गत यस शिवालय गाउँपालिकाको छेडा कचाली सडकको तिमिलेतडा देखि कल्यानासम्मको खण्डमा मर्मत सम्भारका लागि गठित समुहको रकम भुक्तानीका लागि निजहरुको बैक खातामार्फत प्रदान गर्ने निर्णय गरियो ।

## निर्णय नं. ८

प्रस्ताव नं. ८ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाका कल्यानास्थित झोलुङ्गे पुल सडक निर्माणको क्रममा भत्किने भएकोले उक्त पुललाई शिवालय ७ ढिकाले बजारमा सारिदिनको लागि Trail Bridge Support Unit सुर्खेतमा अनुरोध गर्ने निर्णय गरियो । साथै देहायका थप नयाँ झोलुङ्गे पुल निर्माणका लागि अनुरोध समेत गर्ने निर्णय गरियो ।

तपसिल

१. बालुवा झोलुङ्गे पुल शिवालय ९

२. वडाखेत झोलुङ्गे पुल शिवालय ८

## निर्णय नं. ९

प्रस्ताव नं. ९ मा छलफल गर्दा यस शिवालय गाउँपालिका र विभिन्न संघसंस्थाहरुबीच भएको सम्झौताका आधारमा भुक्तानी गरिने म्याचिङ्ग रकम आवश्यकताका आधारमा समपुरक रकम प्रदान गर्ने निर्णय गरियो ।

शिवालय गाउँ कार्यपालिकाको मिति २०७६/१०/१४ मा बसेको चालिसौ बैठकबाट उपरोक्तानुसारका निर्णयहरु भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष